

# १ पहिचानको सङ्कट

*<u>यस अध्यायका मूल पदहरू:</u>* **यशैया १:१-९, यशैया १:१०-१७, यशैया १:१८, यशैया १:१९-३१ र यशैया ५:१-७।**

*<u>यस अध्यायको मूल सार पद:</u>* **"परमप्रभु भन्नुहुन्छ, "अब आओ, हामी सँगसँगै बसेर आफ्ना कुराको छलफल गरौं। तिमीहरूका पापहरू सिन्दूरे रङ्गका भए तापनि ती हिउँजस्तै सेता हुनेछन्। तिनीहरू गाढ़ा राता रङ्गका भए तापनि ती ऊनजस्तै सेता हुनेछन्" (यशैया १:१८ रूपान्तरित)।**

एक दिन म युरोपको आयरल्याण्डको गाउँमा आफ्नो कारमा घुम्दै थिएँ। त्यस गाउँको बाटोको दायाँबायाँ झाङ्गहरू थिए। त्यस बाटोमा जाने बाटो छेक्दै गाईहरू आउँदै थिए। त्यसबेला गाईहरू हेर्ने गोठालो तिनीहरूसङ्ग थिएन। तैपनि तिनीहरू आफ्नो मालिकको गोठमा सुरु सुरु गए र आफ्नो मालिक को हो सो तिनीहरूलाई थाहा भएको कारणले आआफ्नो जाने ठाउँ तिनीहरूलाई थाहा भएको थियो।

मानौं कोही सानो ठिटो ठूलो बजारमा जान्छ र अचानक आफू आमाबाट अलगिएको महसुस हुन्छ। तर्सिएर अकस्मात ऊ कराउँछ "मेरो ममी हरायो!" आफू कहाँ छ र आफ्नो आमा कहाँ छ सो उसलाई थाहा नभएपनि आफ्नो आमा खोज्दै ऊ जान्छ। त्यस बजारमा सयौं आमाहरू हिंडिरहको हुन्छ तर तिनीहरूको बीचमा आफ्नो आमा को हो भनेर उसले चिन्छ र उनलाई पक्रिन पुग्छ।

दुःखलाग्दो कुरो त यो छ कि आयरल्याण्डको गाउँको ती गाईहरू कहाँ जाने थाहा थियो र हुलमा त्यस केटाले आफ्नी आमालाई चिनेको हुन्छ तर यहूदा वा इस्राएलीहरू आफूहरू कुन परमेश्वरको छत्रछायाँमा छ सो तिनीहरूले बिर्सेका थिए। स्वर्गमा बिराजमान हुनुहुने परमेश्वरलाई तिनीहरूले

वेवास्ता गरेको कारण तिनीहरू परमेश्वरका बिशेष करारका जनहरू हुन् भन्ने सत्य वा सही पहिचान गुमाएका वा बिर्सेका थिए। तिनीहरूको भन्डाफोर गर्दै परमेश्वर यसरी बिलाप गर्नुहुन्छ "२ हे आकाश, सुन्! हे पृथ्वी, कान थाप्! किनकि परमप्रभुले भन्नुभएको छ, "मैले छोराछोरीहरूलाई पालनपोषण गरेर हुर्काएँ, तर तिनीहरू मेरो विरुद्धमा अटेरी भएका छन्। मेरै बिरुद्धमा उठेका छन् ३ गोरुले आफ्नो मालिक चिन्छ, र गधाले आफ्नो स्वामीको डूँड़ चिन्छ, तर इस्राएलले मलाई चिन्दैन, मेरा जनहरूले बुझ्दैनन्।" (यशैया १:२-३ रूपान्तरित)।

आफ्नो बिरुद्धमा गएका र आफूलाई बिर्सेका जनहरू आफूतिर फर्काउन परमेश्वरले कस्तो प्रयास गर्नुहुन्छ भन्ने कुरोलाई यस अध्यायमा हेर्नेछौ।

## १. हे स्वर्ग, हे आकाशहरू, हे पृथ्वी! (यशैया १:१-९)

यशैयाको पुस्तक यसैको लेखकलाई छोटो परिचिय दिँदै सुरु हुन्छ। आफू आमोजको छोरा, आफ्नो सन्देशको स्रोत परमेश्वरले दिनुभएको दर्शन र आफ्नो विषयबस्तु यहूदा र यसको राजधानी यरुशलेम भनेर चिनारी दिँदै पुस्तक अघि बढ्दछ। यशैया यहूदाका चार राजाहरूको समयमा थिए। यशैयाले सम्बोधन गरेको विषयबस्तु उनकै समयकालको उनकै देशबासीहरूलाई थियो। तिनीहरूको नाजुक अवस्था र तिनीहरूको भविष्यको बारेमा अगमबक्ताले सम्बोधन गरेका थिए।

कुन राजाहरूको राज्यकालमा आफू सक्रिय रहेको थाहा दिँदै यशैयाले आफ्ना सिमित श्रोताहरूलाई सम्बोधन गरेको थियो। उनले आफ्नो पुस्तक ऐतिहासिक, राजनैतिक र केही निश्चित समयसँग गाँसेर लेखेका थिए। उनले सम्बोधन गरेको समयकाल २ राजा १५-२० र २ इतिहास २६-३२लाई समेतेको हामी पाउँछौं।

**यशैया १:२ पढ्नुहोस्। उनको सन्देशको मूल सार के हो? परमेश्वर आफैले के भनिरहनुभएको छ? यही खालको परमेश्वरको मार्मिक भावना पवित्र इतिहासभरि कसरी हामी देख्छौ? के परमेश्वरको यही बिलाप आज इसाई चर्चलाई पनि सम्बोधन गरेको छैन भनेर के हामी भन्न सक्छौं? तपाईं इसाई हुनुभएको छ भनेर दावी गर्नुहुन्छ तर आत्मआलोचना गरेर यस मर्मलाई व्याख्या गर्न खोज्नुहोस्: "हे आकाश, सुन्! हे पृथ्वी, कान थाप्! किनकि**

**परमप्रभुले भन्नुभएको छ, "मैले छोराछोरीहरूलाई पालनपोषण गरेर हुर्काएँ, तर तिनीहरू मेरो विरुद्धमा अटेरी भएका छन्।"**

यशैयाले आफ्नो सन्देश कस्ता शब्दहरूबाट सुरु गर्छन्, सोच्नुहोस् "हे आकाश, सुन्! हे पृथ्वी, कान थाप्!" (यस्तै खालको मर्म देहायका पदहरूले व्यक्त गर्दछन् "१९ आज म स्वर्ग र पृथ्वीलाई तिमीहरूका विरुद्धमा साक्षी राख्दछु..." व्यवस्था ३०:१९, "...तिनीहरूका विरुद्ध आकाश र धर्ती साक्षी राख्नेछु।" व्यवस्था ३१:२८)। भौतिक आकाश र पृथ्वीले सुन्न सक्छन् वा बुझ्न सक्छन् भनेर परमेश्वरले भन्न खोज्नुभएको त होइन। तर उहाँले आफ्नो सन्देशलाई जोरसँग व्यक्त गर्न ती शब्दहरू प्रयोग गर्नुभएको थियो।

पौराणिक मध्यपूर्वका राजा जस्तै हिटाइटको सम्राटले आफूभन्दा कमजोर राजासँग राजनैतिक सम्झौता गर्दथे तब आफ्ना देवताहरूलाई पुकार्दथे। यदि सम्झौता उलङ्घन भएमा ती देवताहरूले थाहा पाउनेछन् र उलङ्घन गर्नेलाई ती देवताहरूले दण्ड दिनेछन् भनेर जोर गर्न तिनीहरूलाई साछी राखेको आभास् दिइन्थ्यो। जब सारा राजाहरूका सर्बोच्च राजा परमेश्वरले मोशाको समयमा आफ्ना जनहरूसँग सम्झौता वा करार बाँधे उहाँले कुनै देवीदेवताहरूलाई साछीकोरूपमा सम्बोधन गर्नुभएको थिएन। आफू एकमात्र सत्य परमेश्वर हुनुभएकोले उहाँले आकाश, स्वर्ग र पृथ्वीलाई साछीको निम्ति सम्बोधन गर्नुभएको थियो, मानौं तिनीहरूले देवीदेवताहरूले खेल्ने भनेर विश्वास गरिएको भूमिका ती आकाश र पृथ्वीले पूरा गरोस् (व्यवस्था ४:२६ले त्यस कुराको पुष्टि गर्दछ "म आजको दिन स्वर्ग र पृथ्वीलाई तिमीहरूका विरुद्ध साक्षी राख्तछु,...)।

**यशैया १:१-९ पढ्नुहोस्। आफ्नै शब्दहरूमा यहूदाका पापहरूको बारेमा तलको हरफहरूमा लेख्नुहोस्। तिनीहरूको पापले के नतिजाहरू ल्याए त्यो पनि हेर्नुहोस्। यहूदाको दोष के थियो र त्यसले गर्दा उनलाई के भयो? फेरि त्यसै वखत पद ९मा के आशाको किरण थपिएको छ? हेर्नुहोस् "१ यहूदाका राजाहरू, उज्जियाह, योताम, आहाज र हिजकियाका शासनकालमा यहूदा र यरूशलेमको विषयमा आमोजका छोरा यशैयाले देखेका दर्शन।**
**२ हे आकाश, सुन्! हे पृथ्वी, कान थाप्! किनकि परमप्रभुले भन्नुभएको छ, "मैले छोराछोरीहरूलाई पालनपोषण गरेर हुर्काएँ, तर तिनीहरू मेरो विरुद्धमा अटेरी भएका छन्। ३ गोरुले आफ्नो मालिक चिन्छ, र गधाले आफ्नो स्वामीको डूँड चिन्छ, तर इस्राएलले चिन्दैन, मेरा मानिसहरूले बुझ्दैनन्।" ४**

हाय, पापी जाति, दोषले लादिएका मानिसहरू, दुष्ट काम गर्नेहरूका बच्चा, भ्रष्टाचार गर्नेहरूका सन्तान। तिनीहरूले परमप्रभुलाई त्यागेका छन्, तिनीहरूले इस्राएलका परमपवित्रलाई हेला गरेका छन्, र उहाँतिर आफ्नो पिठिउँ फर्काएका छन्। ५ तिमीहरूले किन अझै पिटाइ खानुपर्छ? किन तिमीहरू अझै अटेरी बनिरहन्छौ? तिमीहरूका सारा शिरमा चोट लागेको छ, र सारा हृदय पीडित भएको छ। ६ पैतालादेखि टुपीसम्मै चोट नभएको कहीं छैन। चोटैचोट, डामहरू र खुल्ला घाउहरू मात्र छन्। ती न त सफा गरिएका न बाँधिएका, न तेलले नरम बनाइएका छन्। ७ तिमीहरूको देश उजाड़ छ। तिमीहरूका सहरहरू आगोले डढ़ाइएका छन्। तिमीहरूको जमिन तिमीहरूकै सामुन्ने विदेशीहरूले नाङ्गो पारिरहेछन्, परदेशीहरूले नाश पारेझैं त्यो उजाड़ पारिएको छ। ८ सियोनकी छोरीचाहिँ दाखबारीको छाप्रोजस्तै, खरबूजाको मचानजस्तै र घेरिएको सहरजस्तै भएकी छ। ९ यदि सर्वशक्तिमान् परमप्रभुले हाम्रा निम्ति केही बाँचेकाहरू नछोड्नुभएको भए त हामी सदोमजस्तै हुनेथियौं, हामी गमोराजस्तै हुनेथियौं।"

-----------------------------------------------------------------------

-----------------------------------------------------------------------

## २. कुहिएका धार्मिक रितिथितीहरू (यशैया १:१०-१७)

अब्राहमकै समयमा सोदोम र गमोरा नष्ट भएर तिनीहरूको अस्तित्व नै खतम भइसकेको थियो, तैपनि सोदोम र गमोराको नाउँ दिएर इस्राएलीहरूलाई परमेश्वरले किन सम्बोधन गर्नुभएको होला? परमेश्वरले के कुरा औंल्याउन खोज्नुभएको थियो? हेर्नुहोस्, "हे सदोमका शासकहरू हो, परमप्रभुको वचन सुन! हे गमोराका मानिस हो, हाम्रा परमेश्वरको कानून ध्यान दिएर सुन!" (यशैया १:१०)।

-----------------------------------------------------------------------

अब यशैया १:११-१५ पढ्नुहोस्। मानिसहरूलाई यहाँ परमेश्वरले के भनिरहनुभएको छ? आफू धर्मात्मा छु भनेर देखाउन र परमेश्वरलाई रिझाउन तिनीहरूले आराधना गर्दा परमेश्वरको मन्दिरमा गरेका विभिन्न धार्मिक रितिथितीहरूलाई उहाँले ठाडै किन अस्वीकार गर्नु गर्नुभएको थियो? हेर्नुहोस् "११ परमप्रभु भन्नुहुन्छ, "तिमीहरूका बलिदानहरूको थुप्रो मेरो निम्ति के काम लाग्छ? म त भेड़ाहरूका होमबलि र पालेका मोटा पशुहरूका बोसोका

**होमबलिदेखि अघाएको छु। साँढ़े (वा राँगा), थुमा र बोकाहरूको रगतदेखि म प्रसन्न हुन्नँ। १२ जब तिमीहरू मसँग भेट्नलाई आउँछौ, तिमीहरूले चढ़ाएका यी थोकहरू कसले चाहन्छ र? मेरा आँगनहरू खुट्टाले कुल्चीमिल्ची गर्न कसले तिमीहरूलाई भनेको छ र? १३ व्यर्थका बलिहरू नल्याओ। तिमीहरूको धूप त मेरो निम्ति घिनलाग्दो छ। औंसी, शबाथ, र सभाहरूका साथसाथै तिमीहरूका दुष्ट जमघटहरू म सहन सक्दिनँ। १४ तिमीहरूका औंसीका दिनहरू र ठहराएका चाड़हरूलाई मेरो हृदयले घृणा गर्छ। ती त मेरो निम्ति भार भएका छन्। ती बोक्दा-बोक्दा म थाकेको छु। १५ तिमीहरूले प्रार्थनामा आफ्ना हात पसार्दा, म मेरा आँखा तिमीहरूदेखि छोप्नेछु। तिमीहरूले ज्यादै प्रार्थना गर्दा पनि म सुन्नेछैनँ। तिमीहरूका हात रगतले भरिएका छन्।"**

---------------------------------------------------------------------

जुन हातहरूले परमेश्वरलाई बलि चढाए र ती हातहरू उचालेर ठूला ठूला स्वरहरूले प्रार्थना गरे ती हातहरू रगतै रगतले भरिएका थिए। धर्मकै नाउँमा किन नहोस्, हिंसा र अरूलाई दवाएका थिए र थिचोमिचो गरेका थिए ("३ तिनीहरू भन्छन्, 'हामीहरू उपवास बस्यौं, र किन तपाईं देख्नुहुन्न? हामीहरू विनम्र भयौं, र किन तपाईं ध्यान दिनुहुन्न?' "तापनि तिमीहरूका उपवासको दिनमा तिमीहरू आफ्नै इच्छा पूरा गर्दछौ, र तिमीहरूका कामदारहरू सबैलाई तिमीहरू शोषण गर्दछौ। ४ तिमीहरूका उपवासको दिन लड़ाइँ र झगड़ामा अन्त्य हुन्छ र एउटाले अर्कालाई दुष्ट मुक्काले हिर्काउँछौ। तिमीहरू आजको जस्तो उपवास बसेर तिमीहरूको सोर स्वर्गमा सुनिने आशा गर्न सक्दैनौ" यशैया ५८:३-४)। जब ती मानिसहरूले परमेश्वरसँग करार बाँधिएका जनहरूप्रति दुर्व्यवहार गरेका थिए तिनीहरूले सारा इस्राएलीहरूका रक्षकलाई नै आक्रमण गरिएको ठहरिएको थियो। जब कुनै मानिसले कुनै अरू मानिस जोसुकै होस् थिचोमिचो गर्छ, शोषण गर्छ, हेप्छ, पाप गर्छ, दुर्व्यवहार गर्छ, हेला गर्छ र मार्छ त्यस मानिसले परमेश्वरकै विरुद्धमा ती पाप र अधर्म गरिरेहा थिए। "जसले मानिसको रक्तपात गर्छ, मानिसबाटै त्यसको रक्तपात हुनेछ, किनभने परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा बनाउनुभएको हो" उत्पत्ति ९:६। यस भनाइको तात्पर्य जब एक जना मानिसले अर्को मानिसलाई मार्छ उसले परमेश्वरको स्वरुपलाई मारेको ठहर्छ)।

मन्दिरमा आराधनामा गरिने सबै रितिथिति, बलिप्रथा र विभिन्न विधिहरू परमेश्वरआफैले स्थापना गर्नुभएको थियो (लेबी १-१६)। ती सबै गरिने विधिहरू यरुशलेमकै मन्दिरमा गर्न उपयुक्त ठहऱ्याइको थियो (१ राजा ८:१०,११)। तर जे रितिथिति वा प्रथाहरू चलाएतापनि परमेश्वरले ती मानिसहरूसँग गर्नुभएको करारको परिधिभित्र रहेर गर्नुपर्थ्यो। इस्राएलीहरूसँग परमेश्वरले बाँध्नुभएकै करारको कारण उहाँ तिनीहरूसँग पवित्र मन्दिर वा आराधना स्थलमा रहन सम्भव भएको थियो। त्यसकारण विभिन्न रितिथितिहरू, बिधीहरू, पशुबलिहरू, चाडबाडहरू र उपासना अर्थात् प्रार्थनाहरूको औचित्य त्यसबेलामामात्र हुन्थ्यो जब तिनीहरू उहाँ र उहाँको करारप्रति बफादार भएको कारणले व्यक्त गर्दथे। जब करार बाँधिएका अरू जनहरूप्रति अन्याय, अत्याचार र शोषण गर्दछन् र त्यसपछि पछुतो पनि गर्दैनन् तब ती मानिसहरू धर्मको खोल ओढेर धार्मिक औपचारिक पूरा गर्न बिभिन्न पशुबलिहरू चढाउँछन् र धार्मिक क्रियाकलाप गर्छन् परमेश्वरको सामु तिनीहरूले झुठो क्रियाकलाप गरिरहेको ठहरिएको थियो। परमेश्वरको सामु अरूलाई अत्याचार गरेर धर्मको नाउँमा जतिसुकै अरूको अगाडि धर्मात्मा देखाइतापनि त्यस्ता मानिसहरू पाखण्डी र फताहा ठहरिएको हुन्छ। औपचारिकता पूरा गर्न तिनीहरूले गरिने कुनै पनि पशुबलि वा धार्मिक रितितिथि गर्दछन् त्यसको औचित्य केही नभएकोमात्र हुँदैनन् त्यो त परमेश्वरको सामु पाप नै गरिरहेको ठहर्छ (बर्तमान सन्दर्भमा भन्ने हो भने, औपचारिकरूपमा प्रभुको प्रार्थना भनेर मानिसलाई दिएको प्रार्थना दोहोऱ्याउने, हतपत प्रार्थना गरेर दिन सुरू गर्ने वा बाइबलका केही हरफहरू पढ्ने चर्चमै जान किन नहुन् यदि त्यस मानिसले अरूसँगको सम्वन्धमा कठोर हुन्छ भने उसको इसाईत्व परमेश्वरले अस्वीकारमात्र गर्नुहन्न त्यसलाई पाप भनेर उहाँले ठहऱ्याउनुहुन्छ किनभने उसले परमेश्वरको गलत चित्रण अरूको सामु देखाइरहेको हुन्छ-अनुवादक)। ती इस्राएलीहरूले मन्दिरमा गर्ने अनेकौं रितिथिति, बिधिविधान गरेर वा चाडवाड मनाएर आफूहरू परमेश्वरप्रति बफादार भएको भनेर त देखाएका थिए तर तिनीहरूको आनिवानी, जीवनशैली र अरूप्रति गरिने असमान, अन्याय र शोषण गर्ने व्यवहारले परमेश्वरसँगको करार भङ्ग गरिरहेको तिनीहरुले प्रमाणित गरिरहेका थिए।

**यशैया १:१६,१७ पढ्नुहोस्। आफ्ना जनहरूलाई के गर भनेर परमेश्वरले आदेश दिइरहनुभएको थियो? येशूले मत्ती २३:२३-२८को**

तुलनामा ती पदहरू कसरी सान्दर्भिक भएका छन्? जुन सन्दर्भमा वा कुन मानिसहरूलाई ती वचनहरू परमेश्वरले दिनुभएतापनि त्यहाँ लेखिएको सन्देश हामीलाई पनि लागुहुन्न र? हेर्नुहोस् "१६ आफूलाई धोएर चोखो पार। मेरो नजरबाट तिमीहरूका दुष्ट कामहरू फालिदेओ! खराबी गर्न छोड़। १७ भलाइ गर्न सिक! न्याय खोज, अत्याचारमा परेकाहरूलाई प्रोत्साहन देओ, टुहुरा-टुहुरीको रक्षा गर, विधवाको पक्षमा बोलिदेओ।", मत्ती २३:२३-२८ पनि "२३ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू पुदीना र सूँप र जीराको दशांश दिन्छौ, तर व्यवस्थाका गहकिला विषयहरू, अर्थात् न्याय, दया र विश्वासको अवहेलना गरेका छौ। तिमीहरूले दशांश दिने काम गर्नुपर्नेथियो, अनि ती गहकिला विषयहरूको अवहेलना नगर्नुपर्नेथियो। २४ अन्धा अगुवा हो, तिमीहरू भुसुना चाल्दछौ, तर ऊँटलाई चाहिँ निलिहाल्दछौ। २५ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनभने तिमीहरू कचौरा र थालको बाहिरपट्टि माझ्दछौ, तर भित्रपट्टि भने ती लोभ र असंयमले भरिएका हुन्छन्। २६ अन्धा फरिसी हो, पहिले कचौरा र थालको भित्रपट्टि सफा पार, र तिनको बाहिरपट्टि पनि सफा होस्। २७ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू चून लाइराखेका चिहानहरूजस्ता छौ, जो बाहिरपट्टि सुन्दर देखा पर्छन्, तर भित्रपट्टि भने मरेका मान्छेहरूका हाड़हरू र सबै अशुद्धताले भरिएका हुन्छन्। २८ यसरी नै तिमीहरू पनि बाहिर भने मानिसहरूका सामुन्ने धर्मी देखा पर्दछौ, तर भित्र भने कपट र दुष्टताले भरिएका छौ।"

## ३. क्षमाको विषयमा विवाद (यशैया १:१८)

यशैया १:१८ पढ्नुहोस्। त्यसपछिका केही पदहरू पनि पढ्नुहोस्। यस पदलाई धेरै पटक पढ्नुहोस्। अनि यहाँ परमेश्वरले के भनिरहेको छ त्यस मामिलामा तपाईंको के धारणा वा विश्वास छ त्यो तलको हरफमा व्यक्त गर्नुहोस्। हेर्नुहोस्, "परमप्रभु भन्नुहुन्छ, "अब आओ, हामी सँगसँगै बसेर आफ्ना कुराको छलफल गरौं। तिमीहरूका पापहरू सिन्दूरे रङ्गका भए तापनि ती हिउँजस्तै सेता हुनेछन्। गाढ़ा राता रङ्गका भए तापनि ती ऊनजस्तै हुनेछन्।"

--------------------------------------------------------------------------------

--------------------------------------------------------------------------------

यहूदाका मानिसहरूले करारको सम्झौतालाई तोडेको सबूद प्रमाण परमेश्वरले पाउनुभएकोले तिनीहरूलाई उहाँले दोषी ठहऱ्याउनु भएको थियो (यशैया १:२-१५)। त्यो दोष थाहा पाउँदा पाउँदा पनि तिनीहरूले त्यसको दण्ड नभोगिकन आफूहरूलाई सुधार्न परमेश्वरले आह्वान गर्नुभएको थियो (यशैया १:१६,१७)। परमेश्वरको त्यस आग्रहमा आशा पल्हाइ दिएको थियो। नत्र, किन दोषको सजायँ भोग्न पर्खिरहेको अपराधीलाई आफ्नो जीवन सुधार्न अवसर दिइन्छ त? मृत्यु दण्डको निम्ति पर्खिरहेको मानिसले कसरी "पिडितलाई उद्धार गर्न सक्छ, टुहुराको पक्षमा बोल्न सक्छ र विधवीको निम्ति वकालत गर्न सक्छ?" (रूपान्तरित)। तर जब परमेश्वरले "आऊ, हामी छलफल गरौं। तिम्रो र मेरो बीचमा के कचकच छ, सो छिनोफानो गरौं" (यशैया १:१८ रूपान्तरित) भनेर आह्वान गर्नुहुँदा उहाँले आफ्ना जनहरूसँग तर्क गर्न चाहनुभएको, तिनीहरू आफ्ना दुष्ट बाटोहरूबाट पछुताव गरुन् भन्ने उहाँको इच्छा भएको देखाइएको थियो। मानिसहरू जतिसुकै पतित भएतापनि तिनीहरूलाई फेरि आफ्नो हिस्सा बनाउन परमेश्वर राजी हुनुभएको उहाँको त्यस मार्मिक आह्वानले देखाउँदछ।

ती मानिसहरूलाई परमेश्वरले भनिरहनुभएको थियो "तिम्रा पापहरू जतिसुकै गाढा रातो भएतापनि तिनीहरूलाई सेतो बनाइने छ।" तिनीहरूका पापहरू किन राता भए? रातो रगतको रङ्ग हो। ती धर्मी जाति भनेर दावी गर्ने र देखावटी धर्मकर्म गर्ने मानिसहरूका हातहरू मानिसहरूलाई हत्या, हिंसा, आतङ्क मच्चाएर राता भएका थिए (यशैया १:१५)। त्यसको बिपरित सेतो शुद्ध र पवित्रताको रङ्ग हो। त्यसमा रगतको कुनै दाग हुँदैन। यहाँ परमेश्वरले तिनीहरूलाई आफ्ना जीवनका पाइलाहरूलाई परिवर्तन गर्न अबसर दिइरहनुभएको थियो। जब राजा दाउदले बेथशिबाको श्रीमानलाई हत्या गरेर उनलाई आफ्नो हात पार्दा परमेश्वरले तोक्नुभएको दण्डप्रति ठूलो प्रायश्चित गर्दा उनले त्यही शब्दहरू प्रयोग गरेका थिए (भजन ५१:७,१४ "७ हिसपले मलाई शुद्ध पार्नुहोस्, र म शुद्ध हुनेछु। मलाई धुनुहोस्, र म हिउँभन्दा सेतो हुनेछु।...१४ हे परमेश्वर, हे मेरा उद्धारकर्ता परमेश्वर, मलाई रक्तपातको दोषबाट छुटकारा दिनुहोस्, र मेरो मुखले तपाईंका धार्मिकताको स्तुति गाउनेछ")। यशैया १:१८मा अनुग्रही प्रेमिलो परमेश्वरले उहाँका जनहरूलाई क्षमा दिने जिकिर गरिरहनुभएको थियो।

**जब परमेश्वरले उहाँका जनहरूलाई क्षमा प्रदान गर्ने प्रस्ताव राख्नुहुन्छ तब त्यसबाट तिनीहरूका मार्गहरू परिवर्तन होस् भन्ने उहाँको भित्री चाहना व्यक्त गर्नुभएको थियो। हेर्नुहोस् यशैया १:१८देखि यशैया ४४:२२सम्म।**

उहाँका जनहरूको बिरुद्धमा परमेश्वरले दिनुभएको गम्भिर चेतावनीका शब्दहरूको लक्ष्य के हो अब हामी केलाउन सक्छौं। उहाँले आफ्ना जनहरूलाई अस्वीकार गर्ने वा फाल्ने होइन तर आफूतिर फर्काउने उहाँको इच्छा थियो। जब उहाँले ती मानिसहरूलाई क्षमाको प्रस्ताव दिनुभएको थियो त्यसबेला तिनीहरू नैतिकरूपमा आफूहरूलाई सफा वा शुद्ध गर्न (यशैया १:१६,१७) उहाँले आह्वान वा अपिल गरिरहनुभएको थियो। परमेश्वरले आह्वानद्वारा आफ्नो चाहनालाई मानिसको सामु प्रस्तुत गर्दा उहाँ आफ्ना जनहरूको पक्षमा कतिसम्म हुनुहुन्छ भनेर किटान गरिएको थियो। तिनीहरूलाई उहाँले दिनुभएको क्षमादानले नै तिनीहरूको जीवनमा आमूल परिवर्तन गर्ने शक्ति परमेश्वरमा छ भनेर देखाइएको थियो। यहाँ यर्मिया ३१:३१-३४मा "नयाँ करारको" बिऊहरूको बारेमा भविष्यवाणी गरेको हामी देख्न सक्दछौं। यहाँ नयाँ हृदयको आधार नै परमेश्वरले दिनुहुने क्षमा हो जसबाट उहाँसँग नयाँ सम्बन्ध स्थापित हुन सकोस् ("३१ परमप्रभु भन्नुहुन्छ, “ती दिन आउनेछन्, जब इस्राएलको घरानासँग र यहूदाको घरानासँग म एउटा नयाँ करार स्थापना गर्नेछु। ३२ तिनीहरूका पुर्खाहरूसँग मैले बाँधेको करारजस्तै यो हुनेछैन, जब मैले तिनीहरूलाई हातमा समातेर मिश्रदेशबाट डोऱ्याएर ल्याएको थिएँ।” परमप्रभु भन्नुहुन्छ, “तिनीहरूले मेरो करार भङ्ग गरे, यद्यपि म तिनीहरूका पति (नेपाली अनुवादमा पिता) थिएँ।” ३३ परमप्रभु भन्नुहुन्छ, “ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, र तिनीहरू मेरा प्रजा हुनेछन्। ३४ ‘परमप्रभुलाई चिन’ भनेर अब उसो कुनै मानिसले आफ्नो छिमेकीलाई वा आफ्ना दाजुभाइलाई सिकाउनेछैन। किनकि सानादेखि लिएर ठूलासम्म तिनीहरू सबैले मलाई चिन्नेछन्,” परमप्रभु भन्नुहुन्छ। “किनकि तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु, र म तिनीहरूका पाप फेरि कहिल्यै सम्झनेछैनँ।” ३५ परमप्रभु यसो भन्नुहुन्छः जसले दिन उज्यालो पार्नलाई सूर्य नियुक्त गर्नुहुन्छ, र राती प्रकाश दिनलाई चन्द्रमा र ताराहरूलाई आज्ञा गर्नुहुन्छ, जसले छालहरू गर्जाउनलाई

समुद्र चलाउनुहुन्छ– उहाँको नाउँ सर्वशक्तिमान् परमप्रभु हो।" यर्मिया ३१:३१-३५)।

हामी रातो भएर सुरू गर्छौं वा हाम्रा हातहरू रगतले भिजिएको भएर सुरु गर्छौं त्यसले गर्दा क्षमा पाउनुपर्ने ऋणलाई चुक्ता गर्न हामी आफैले कहिल्यै पनि केही गर्न सक्दैनौं। जब हामी अत्यन्तै नम्र र सोझो भएर हामीलाई क्षमाको आवश्यकताको महसुस गर्छौं तब परमेश्वरले जे दिनुहुन्छ त्यसलाई स्वीकार गर्न हामी तयार हुन्छौ ।

## ४. खाउँ कि आफूलाई अरूले खान दिउन् (यशैया १:१९-३१)

**यशैया १:१९-३१मा एक विशेष विषयबस्तु कोरिएको छ। यो विषय सम्पूर्ण बाइबलभरि देखापरेको छ। यो विषय कस्तो महत्त्वपूर्ण छ जसले बाइबललाई नै ओगेटेको छ? परमेश्वरले उहाँका जनहरूलाई टेबुल टक वा छलफल गर्न आह्वान गर्नु भएपछि त्यो विशेष विषय उहाँले प्रस्तुत गर्नुभएको थियो। ध्यान दिएर पढ्नुहोस् "१९ यदि तिमीहरू राजी र आज्ञाकारी भयौ भने, तिमीहरूले यस देशका असल-असल कुरा खान पाउनेछौ। २० तर तिमीहरू इन्कार गर्छौ र अटेरी हुन्छौ भनेता, तिमीहरू तरवारले काटिनेछौ।" किनकि परमप्रभुकै मुखले यो कुरा भन्नुभएको हो।**

**२१ हेर त, विश्वासयोग्य सहर कसरी एउटी वेश्या भई त! उहिले त्यो न्यायले पूर्ण थियो। त्यसमा धार्मिकताले वास गर्थ्यो, तर अब त त्यो हत्याराहरूले भरिएको छ! २२ तिम्रो चाँदी मैला भएको छ, तिम्रो दाखमद्यमा (फलको शुद्ध रस) पानी मिसाइएको छ। २३ तिम्रा शासकहरू अटेरी, र चोरहरूका साथी भएका छन्। तिनीहरू सबैलाई घूस मन पर्छ, र उपहारको पछि दौड्न्छन्। तिनीहरू टुहुरा-टुहरीहरूको पक्ष लिँदैनन्। विधवाहरूको उजूर तिनीहरूकहाँ पुग्दैन। २४ यसैकारण प्रभु, सर्वशक्तिमान् परमप्रभु, इस्राएलका शक्तिशाली परमपवित्र भन्नुहुन्छ, "मेरा दुश्मनहरूदेखि म मुक्त हुनेछु, र मेरा शत्रुहरूसित साटो लिनेछु। २५ मेरो हात तिम्रो विरुद्धमा फर्काउनेछु, तिम्रो मैला जम्मै फालिदिनेछु, र तिम्रा सबै अशुद्धता हटाइदिनेछु। २६ म तिम्रा न्यायकर्ताहरूलाई पहिलेको जस्तै, र तिम्रा सल्लाहकारहरूलाई सुरुमा जस्तै फेरि नियुक्त गर्नेछु। त्यसपछि तिमी धार्मिकताको सहर र विश्वासयोग्य सहर कहलाइनेछस्।" २७ न्यायसित सियोनको छुटकारा हुनेछ, र पश्चात्ताप गर्ने त्यहाँका बासिन्दाहरूको छुटकारा धार्मिकतासित हुनेछ। २८ तर अटेरीहरू र**

**पापीहरू दुवै एकसाथ टुक्रिनेछन्, र परमप्रभुलाई त्याग्नेहरूचाहिँ नष्ट हुनेछन्। २९ "तिमीहरूले अति प्रसन्न गरेका पवित्र फलाँटका रूखहरूको कारण तिमीहरू शर्ममा पर्नेछौ, र तिमीहरूले चुनेका बगैंचाहरूको कारण तिमीहरू लज्जित हुनेछौ। ३० पात ओइलाइसकेको फलाँटको रूख र पानी नभएको बगैंचाजस्तै तिमीहरू हुनेछौ। ३१ शक्तिशाली मानिसचाहिँ सनपाटका धुस्नुजस्तै, र त्यसको काम आगोको झिल्काजस्तै हुनेछ। ती दुवै एकैसाथ जल्नेछन्, र कसैले त्यस आगोलाई निभाउनेछैन।"**

यशैया १:१९,२०मा कुन तर्क मिलाएर ती वाक्यहरू बनेको छ सो हेर्नुहोस्। यदि मानिसहरू स्वइच्छाले परमेश्वरप्रति बफादार वा आज्ञाकारी हुन्छन् भने तिनीहरूले तिनीहरू रहेको देश वा भूमिबाट असल कुरा वा उत्पादनहरू खान सक्नेछन् (यशैया १:१९)। तर तिनीहरू परमेश्वरले उपलब्ध गराउनुभएको क्षमादान र पूनःस्र्थापनालाई सरासर अश्वीकार गऱ्यो वा लत्याइ दियो र उहाँको विरुद्धमा गएर दुष्ट नै भइरहन चाह्यो वा खराब काम गरिरहन रुचायो भने तिनीहरूलाई तरवारले खानेछन् (यशैया १:२०)। त्यो निर्णय त तिनीहरूको हो परमेश्वरको होइन। उहाँले जबरजस्ती उहाँको गुण, भलाई, धार्मिकता, चरित्र कसैलाई पनि लाड्नुहुन्न। परमेश्वरलाई विश्वास गर्ने वा उहाँको जस्तो चरित्र हुने कि नहुने रोज्न स्वविवेक वा चेतनाको स्वतन्त्रताको व्यक्तिगत हक मानिसलाई नै सुम्पिएको छ। माथिका पदहरूमा आशिषको उपभोग गर्न चाहन्छ भने परमेश्वरको सर्त मान्नुपर्ने देखाइएको छ भने नमानेमा कस्तो खालको श्राप तिनीहरूलाई पर्नेछ भनेर पनि स्पस्टरूपमा उल्लेख गरिएको छ।

यशैया १मा दिएको परमेश्वरको आह्वान र चेतावनी कुनै नौलो थिएन। मोशाले व्यवस्था ३०:१९,२०मा उल्लेख गरेका वचनहरूलाई नै दोहोऱ्याएर लागु गरेको थियो। जब परमेश्वरले इस्राएलीहरूलाई इजिप्टको दासत्वबाट छुटाएर राष्ट्रको मान्यता दिनुभएको थियो तब उहाँले तिनीहरूसँग यो करारको स्थापना गर्नुभएको थियो "१९ आज म स्वर्ग र पृथ्वीलाई तिमीहरूका विरुद्धमा साक्षी राख्तछु, कि मैले तिमीहरूका अगि जीवन र मृत्यु, आशिष् र श्राप राखेको छु। अब जीवन नै रोज, ताकि तिमीहरू र तिमीहरूका बालबच्चाहरू जिउन सक, २० र परमप्रभु तिमीहरूका परमेश्वरलाई प्रेम गर्दै, उहाँका आज्ञा मान्दै र उहाँसँगै लीन बन्दै बाँचिरहो। किनकि परमप्रभु नै तिमीहरूको जीवन हुनुहुन्छ, र तिमीहरूका पुर्खा अब्राहाम, इसहाक र याकूबसित

उहाँले दिन्छु भनी शपथ खानुभएको देशमा उहाँले तिमीहरूलाई दीर्घायु बनाउनुहुनेछ।"

**मोशाले उच्चारण गरेका ती शब्दहरू केलाएर हेर्नुहोस्। यो पनि याद गर्नुहोस्, मानिसलाई रोज्ने मध्यम मार्ग त्यहाँ उल्लेख गरिएको छैन। जीवन पाउन चाहनुहुन्छ कि मृत्यु रोज्नुहुन्छ, आशिषहरू चाहनुहुन्छ कि श्रापहरू-यी दुईको बीचमा कोही पनि मानिस मध्यम मार्गी भएर चल्न छुट दिइएको पाइन्दैन। वर्तमान परिप्रेक्ष्यमा पनि हामीलाई एउटै मार्ग चुन्न किन अवसर दिइएको छ? ती दुईको बीचमा कुनै खालको सम्झौता किन हुन सक्दैन?**

मोशाले व्यक्त गरेका ती वचनहरूले चेतावनी, आशिष र श्रापहरूलाई संक्षिप्तरूपमा वर्णन गर्दछ। ती भावनाहरू व्यक्त गर्दै परमेश्वर र मानिसको बीचमा भएको करारको संरचनालाई व्यवस्था २७-३०मा टुङ्ग्याउँछन् (यही सन्दर्भ लेबी २६सँग पनि तुलना गर्नुहोस्)। करारमा यी तत्व वा नीतिहरू समावेश भएका छन् (१) यसमा परमेश्वरले तिनीहरूको निम्ति के गर्नुभएको छ त्यसको लेखा विवरण, (२) करारलाई निरन्तरता दिन सर्तहरू र आज्ञाका सम्झौताहरू मान्नुपर्ने (३) कुनै गोप्य वा रहस्यमय ढँगले गरिएको सम्झौता वा करार नभएर साछीहरू भएका करार र (४) यदि मानिसहरूले मानेमा आशिषहरू र नमानेमा वा करारलाई उलङ्घन गरेमा भोग्नुपर्ने श्रापहरू। परमेश्वरसँग वा कुनैसँग गरिने कुनै पनि सम्झौता वा करारमा सर्तहरू राखिएको हुन्छ।

जब इस्राएली राष्ट्रमामात्र होइन परमेश्वरले विश्वास नगर्ने राष्ट्रहरूको बीचमा राजनैतिक सन्धी हुन्छ तब ती तत्वहरू पाइएको बाइबलका विद्वानहरूले भेट्टाएका छन्। उदाहरणमा पौराणिक हिट्टाइट राज्यहरूको बीचमा भएका राजनैतिक सम्झौताका कागजहरूमा ती सर्तहरू उल्लेख गरिएको पाइएको थियो। त्यसकारण जब परमेश्वरले इस्राएलीहरूसँग करार बाँध्नुभयो तब तिनीहरूले नै थाहा पाएका र बुझेका सर्तहरूको ढाँचा उहाँले उपयोग गर्नुभएको थियो। जब करार वा सम्झौता गरेर परमेश्वर र तिनीहरूको बीचमा हुने पारस्परिक सम्बन्धमा पस्न तिनीहरू राजी हुन्छ तब त्यस सम्झौता वा करारको स्वभाव र त्यसलाई माने र नमाने पाइने नतिजालाई जोर गरेर उहाँले प्रभावकारी ढङ्गमा प्रस्तुत गर्नुभएको थियो। परमेश्वरसँग गरिएको सम्झौता वा करारलाई मान्दा पाउने फाइदाहरू हाम्रो निम्ति आश्चर्यजनकनै छन्। तर

तिनीहरूले त्यो सम्झौता वा करार भङ्ग गरेमा तिनीहरू पहिलाको भन्दा झन गिर्ने श्राप तिनीहरूमाथि थोपरिने भएको थियो।

**तपाईं येशूभक्त हुनुहुन्छ भनेर दावी गर्नुभएको छ। तपाईंको आत्मिक जीवन यात्रामा के तपाईंले पनि माथि उल्लेख गरिएका आशिषहरू र श्रापहरूका नीतिहरूको अनुभव गर्नुभएको छ?**

## ५. चेतावनी समावेश भएको प्रेम गीत (यशैया ५:१-७)

**यशैया ५:१-७मा एउटा नैतिक कथासँग जोडिएको गीत छ। त्यसको अर्थ के हो? हेर्नुहोस् "१ मैले प्रेम गरेको उनको दाखबारीको विषयमा म एउटा गीत गाउनेछु। एउटा अत्यन्त मलिलो डाँड़ामा मेरा प्रियको एउटा दाखबारी थियो। २ तिनले त्यो खने र त्यसका ढुङ्गाहरू टिपेर फ्याँके, र त्यसमा तिनले सबैभन्दा असल दाख रोपे। त्यसको माझमा तिनले एउटा मचान बनाए र त्यहाँ तिनले एउटा कोल पनि खोपे। तब असल दाख फल्छ कि भनेर तिनले आशा गर्न लागे, तर त्यसमा खराब दाख पो फल्यो।**

**३ "अब हे यरूशलेमका बासिन्दाहरू र यहूदाका मानिसहरू हो, म र मेरो दाखबारीको बीचमा इन्साफ गरिदेओ। ४ मेरो दाखबारीको निम्ति मैले नगरेको चाहिँ के रहेको होला, जो अरू बढ्ता मैले गर्नुपर्नेथियो? असल दाख पो फल्छ कि भनेर आशा गरेको त किन त्यसले खराब दाख मात्र फलायो? ५ अब म मेरो दाखबारीलाई के गर्नेछु, सो तिमीहरूलाई भन्नेछुः म त्यसको बार उखेलिदिनेछु, र त्यो नष्ट हुनेछ। म त्यसको पर्खाल भत्काइदिनेछु, र त्यो कुल्चीमिल्ची गरिनेछ। ६ त्यसलाई म उजाड़ भूमि पारिदिनेछु। त्यो न त छिमलिनेछ न गोड़िनेछ, तर त्यसमा सिउँड़ी र काँढ़ाहरू उम्रनेछन्। त्यसमा पानी नपरोस् भनेर बादललाई पनि म आज्ञा गर्नेछु।" ७ सर्वशक्तिमान् परमप्रभुको दाखबारी इस्राएलको घराना हो, र यहूदाका मानिसहरू उहाँको आनन्दको बगैंचा हो। उहाँले न्यायको आशा गर्नुभयो, तर रक्तपात पो भयो, धार्मिकताको आशा गर्नुभयो, तर सङ्कष्टको रुवाबासी पो सुनियो।"**

त्यस अर्तिकथाको अर्थ पद ७को केवल अन्तिम हरफमामात्र बुझाइएको छ। आफ्नो अवस्था व्यक्तिगतरूपमै हेरेर वा आत्मआलोचना गरेर आफ्नो सत्य वा सही परिस्थितिलाई बुझोस् र स्वीकार गरियोस् भनेर परमेश्वरले अर्तिकथा प्रयोग गर्नुभएको थियो। अत्यन्तै स्नेहपूर्वक परमेश्वरले यही नीति प्रयोग गर्नुभएर राजा दाउदकहाँ उहाँ नजिक हुन खोज्नुभएको थियो

("१ परमप्रभुले नातान अगमवक्तालाई दाऊदकहाँ पठाउनुभयो, र तिनी
दाऊदको उपस्थितिमा हाजिर भएर तिनले भने, "एक पल्ट एउटा सहरमा दुई
जना मानिस थिए, एक जना धनी र अर्कोचाहिँ गरीब। २ धनी मानिसका धेरै
भेड़ाबाख्राका बगाल र गाई-गोरुका बथान थिए, ३ तर त्यो गरीब मानिसको
आफूले किनेको एउटा सानो पाठीबाहेक आफ्नो भन्ने केही थिएन। उसले
त्यसलाई आफैले पालनपोषण गर्‍यो, र आफ्नै घरमा आफ्नै छोराछोरीसँग त्यो
हुर्क्यो। त्यसले उसकै थालमा खान्थ्यो, र उसकै कचौरामा पिउँथ्यो, र उसकै
काखमा सुत्दथ्यो। त्यसलाई उसले आफ्नो छोरीलाई जस्तै गर्थ्यो। ४ एक
दिन एउटा परदेशी त्यस धनी मानिसको घरमा आयो, अनि त्यस धनी मानिसले
पाहुनालाई आफ्नै बगाल र बथानबाट केही दिने मन गरेन, तर त्यस गरीब
मानिसको पाठी ल्याएर त्यस पाहुनाको निम्ति भोजन तयार गर्‍यो।" ५
दाऊदलाई त्यस कुराले साह्रै रीस उठ्यो, र तिनले कराएर भने, "जीवित
परमप्रभुको नाउँमा म भन्दछु, कि यस्तो काम गर्ने मानिस मृत्युको योग्य छ! ६
त्यसले दयामाया नगरेर यस्तो काम गरेबापत त्यस पाठीको साटो चार गुणा
तिर्नुपर्छ।" ७ तब नातानले दाऊदलाई भने, "त्यो मानिस तपाईं नै हो! परमप्रभु
इस्राएलका परमेश्‍वर भन्नुहुन्छः 'मैले तिमीलाई इस्राएलमाथि राजा अभिषेक
गरें। मैले तिमीलाई शाऊलको हातबाट छुटाएँ। ८ मैले तिमीलाई तिम्रा
मालिकको घर र त्यसका पत्नीहरू तिम्रै हुनलाई दिएँ। मैले तिमीलाई इस्राएल
र यहूदाका घरानाहरू दिएँ। अनि यतिले नपुगेको भए म तिमीलाई अरू धेरै
दिनेथिएँ। ९ तर तिमीले उहाँको दृष्टिमा जे खराब थियो त्यो गरेर किन
परमप्रभुको वचनलाई तुच्छ ठान्यौ? तिमीले हित्ती उरियाहलाई तरवारले मार्‍यौ,
र तिमीले त्यसकी पत्नीलाई आफ्नी बनाउन ल्यायौ। तिमीले त्यस मानिसलाई
अम्मोनीहरूको तरवारले मर्न दियौ। १० तिमीले मलाई तुच्छ ठानेको हुनाले
र हित्ती उरियाहकी पत्नीलाई तिमीले आफ्नी पत्नी तुल्याउनलाई लगेको
हुनाले, तिम्रो घरानाले कहिल्यै तरवारबाट विश्राम पाउनेछैन'। ११ "परमप्रभु
भन्नुहुन्छः 'म तिम्रो आफ्नै घरानाभित्रबाट तिमीमाथि विपद् ल्याउनेछु। म
तिम्रा पत्नीहरूलाई लिएर तिम्रै आँखाको सामुन्ने तिम्रो नजिकको मानिसलाई
दिनेछु, र त्यो दिउँसै तिनीहरूसित सुत्नेछ। १२ तिमीले जे गर्‍यौ त्यो गुप्तमा
गर्‍यौ, तर म योचाहिँ सारा इस्राएलले देख्ने गरी दिनको उज्यालोमा गर्नेछु'।"
१३ तब दाऊदले नातानलाई भने, "मैले परमप्रभुको विरुद्धमा पाप गरें।"

नातानले तिनलाई जवाफ दिए, “परमप्रभुले तपाईंको पाप लगिदिनुभएको छ। तपाईं मर्नुहुनेछैन।" २ शमूएल १२:१-१३)।

यशैया ५:१-७लाई "प्रेम गीत" (रूपान्तरित) भनेर परमेश्वरले आफ्ना जनहरूप्रति उहाँको अभिप्राय वा चाहनालाई प्रकट गर्न सुरु गर्नुभएको थियो। ती मानिसहरूप्रति उहाँको सम्बन्ध उहाँको चरित्रबाट आरम्भ भएको थियो, जुन प्रेम हो (१ यूहन्ना ४:८ "प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ")। प्रेमको बदला प्रेम नै हुनुपर्छ तर विद्रोह होइन। त्यो तिनीहरूबाट उहाँले अपेक्षा गर्नुभएको थियो। उहाँले स्वादिलो अङ्गुर रोप्नुभएको थियो तर त्यसको बदलामा त्यहाँ त जङ्गली वा खान नहुने विषाधी अङ्गुर पो फल्यो। हिब्रू भाषामा यसलाई गन्हाउने अङ्गुर भनिन्छ।

**परमेश्वरले सम्बोधन गर्नुभएको "मेरो बगैंचामा अरू धेरै के गर्नु पर्थ्यो जुन के मैले गरेको छैन र?" (यशैया ५:४ रूपान्तरित)को अर्थ के हो?**

परमेश्वरप्रति आभारित मानिसहरूलाई उहाँले के गर्नुहुनेछ सो अगाडिका पदहरूमा उहाँले भन्नु हुन्छ "५ अब म मेरो दाखबारीलाई के गर्नेछु, सो तिमीहरूलाई भन्नेछुः म त्यसको बार उखेलिदिनेछु, र त्यो नष्ट हुनेछ। म त्यसको पर्खाल भत्काइदिनेछु, र त्यो कुल्चीमिल्ची गरिनेछ। ६ त्यसलाई म उजाड़ भूमि पारिदिनेछु। त्यो न त छिमलिनेछ न गोड़िनेछ, तर त्यसमा सिउँड़ी र काँढ़ाहरू उम्रनेछन्। त्यसमा पानी नपरोस् भनेर बादललाई पनि म आज्ञा गर्नेछु।”

जब हामी पाप गर्छौं परमेश्वरले उहाँको सुरक्षा हामीबाट तुरन्तै झिक्नुहुन्न र नाश गर्नुहुन्न। उहाँले दिनुहुने क्षमाको उपभोग हामीले गरोस् भनेर उहाँ धैर्यतासाथ पर्खिनुहुन्छ ("आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ" २ पत्रुस ३:९)। जसले उहाँको प्यारलाई आफ्नो जीवनबाट जवाफ दिन्छ उसलाई उहाँले आफूबाट कहिल्यै अलग गर्नुहुन्न। आशाको किरण चम्काउनुभएर उहाँको प्रेमलाई तिनीहरूले मानोस् भनेर उहाँले आह्वान गर्नुहुन्छ मानौं उहाँ आफै आशावादी हुनुहुन्छ। हामीले झट्टै नाइँ भनेतापनि उहाँले हाम्रो जवाफको प्रतिक्रियालाई ग्रहण गर्नुहुन्न, किनभने हामी अजान, अज्ञान र पापको धोखामा हामी छौं भनेर उहाँलाई थाहा छ। तर परमेश्वरले हामी सुधारियुन् र सही तथा असल बाटोमा हिंडुन् भनेर अनेकौं प्रयास गरेतापनि हामी अट्टेरी भएर

दुष्ट बाटोमा हिंड्ने निर्णय गऱ्यौं भने हामी जुनस्थितिमा छौं त्यही स्थितिमा उहाँले हामीलाई छोड्नुहुन्छ ("दुष्ट काम गर्नेले दुष्ट काम गरिरहोस्, अश्लील काम गर्नेले अश्लील काम गरिरहोस्, धर्मात्माले धार्मिक कार्य गरिरहोस्, र पवित्र जनचाहिँ पवित्र नै भइरहोस्।" प्रकाश २२:११, "१८ परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरूका अधर्मले दबाइराखेका छन्। १९ परमेश्वरको विषयमा जान्न सकिने कुरा तिनीहरूमा प्रष्टै छ, किनकि परमेश्वरले तिनीहरूलाई त्यो कुरा देखाइदिनुभएको छ। २० उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरूमा छर्लङ्गै देखिएको छ। यसैले यिनीहरूलाई कुनै किसिमको बहाना छैन। २१ किनकि परमेश्वरलाई चिनेर पनि तिनीहरूले परमेश्वरलाई दिनुपर्ने महिमा दिएनन्, न त धन्यवाद नै चढ़ाए, तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए, र तिनीहरूको मूर्ख मन अझ अँध्यारो भयो। २२ बुद्धिमान् छु भन्ने दाबी गरे तापनि तिनीहरू मूर्खै भए, २३ र तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रूपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे।

२४ यसकारण परमेश्वरले तिनीहरूलाई तिनीहरूका हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो, कि तिनीहरूले आपसमा आफ्ना शरीरको अनादर गरून्। २५ किनकि तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे" रोमी १:१८-२५)।

उहाँको आत्माको आवाजलाई हामीले निरन्तररूपमा अस्वीकार गरिरह्यौं भने हामी त्यस स्थितिमा पुग्नेछौ जुन् हामीले पछुताव गर्ने र क्षमा पाउने समय हुनेछैन (मत्ती १२:३१,३२ "३० "जो मेरो साथ छैन, त्यो मेरो विरुद्धमा छ, र जसले मसँग बटुल्दैन, त्यसले छरपष्ट पार्छ। ३१ त्यसैकारण म तिमीहरूलाई भन्दछु, मानिसहरूले गरेको हरेक पाप र ईश्वर-निन्दा क्षमा हुनेछ, तर पवित्र आत्माको विरुद्धमा गरिएको निन्दा क्षमा हुनेछैन। ३२ कसैले मानिसको पुत्रको विरुद्धमा केही भन्यो भने त्यसलाई क्षमा हुनेछ, तर कसैले पवित्र आत्माको विरुद्धमा बोल्यो भने त्यसलाई यस युगमा र आउने युगमा पनि क्षमा हुनेछैन")। येशूबाट फनक्क फर्केर बस्नु वा उहाँको प्रेमलाई ठाडै अस्वीकार गर्नु खतरापूर्ण छ ("४ किनकि तिनीहरू, जसले एक चोटि ज्योति

पाएर स्वर्गीय वरदान चाखेका छन्, र पवित्र आत्माका सहभागी भएका छन्, ५ र परमेश्वरको उत्तम वचनको र आउने युगका शक्तिको स्वाद चाखेका छन्, ६ त्यसपछि पनि विश्वास त्याग गरी तिनीहरू पतित भए भनेता तिनीहरूलाई पश्चात्ताप गर्ने स्थितिमा फेरि ल्याउनु असम्भव छ। किनभने तिनीहरूले आफ्नै खातिर परमेश्वरका पुत्रलाई फेरि क्रूसमा टाँग्छन्, र खुल्लमखुल्ला उहाँको अपमान गर्छन्।" हिब्रू ६:४-६ अर्थात् येशूलाई क्रुसमा टाँग्ने धर्मशास्त्र जान्ने यहूदी पण्डित महापण्डितहरू नै थिए भने जस्तै अहिले पनि येशूलाई ताजा ताजै क्रुसमा टाँग्ने खिष्टियानहरू नै हुन् जो आफूले दावी गरेको अनुसार चल्दैन। यो खेदपूर्ण दावी प्रेरित पावलको हो-अनुवादकको थप)। हाम्रो आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रतालाई परमेश्वरले कदर गर्नुभएकोले त्यसको खिलाफमा परमेश्वरले केही नगर्ने प्रण गर्नुभएको छ अर्थात् हामी नाशियौं, पतित भयौं, चरित्रहिन भयौं, भ्रष्ट भयौं, दुर्गतीमा पऱ्यौं भने त्यसको जवाफदेहि परमेश्वर होइन हामी नै हुन्छौं। हाम्रो स्वतन्त्रतालई उहाँले हस्तक्षेप गर्ने उहाँको चाहना होइन।

**यशैया ५:४मा परमेश्वरले व्यक्त गर्नुभएको धारणालाई सोच्नुहोस्, "मेरो बगैंचाको निम्ति अरू धेरै के गर्न सक्दछु र?" (रूपान्तरित)। क्रुसको मामिलालाई हेरेर सोच्नुहोस् जहाँ परमेश्वर आफै हाम्रो पापको निम्ति बलि हुनुभयो। हामीले गरिरहेका उहाँको व्यवस्था वा दश आज्ञाहरूको उलङ्घनले गर्दा हामीले तिर्नुपर्ने पापको मोल उहाँ आफै भौतिक मानव शरीरबाट तिरिदिनुभयो। यो भन्दा उहाँले अरू धेरै के गर्न सक्नुहुन्थ्यो होला? येशूको क्रुसमा ध्यान गर्दा त्यसले हामीलाई मुक्तिको आशा कसरी देखाउँछ र हामी पनि पश्चाताप गर्दै हामीहरूको दुष्टबाटोबाट फर्केर परिवर्तित जीवन बिताउन कसरी आकर्षित गर्दछ?**

## उपसंहारः

**थप जानकारीः** यशैया १:४को सन्दर्भमा एलेन जी ह्वाइटले यसरी व्यक्त गर्छिन् "परमेश्वरका जनहरू हौं भनेर दावी गर्नेहरू परमेश्वरबाट अलगिएका छन्। तिनीहरूको बुद्धि हराएको छ र तिनीहरूको समझ भ्रष्ट भएको छ। तिनीहरूले धेरै टाढा हेर्न सकेन। तिनीहरूलाई पुरानो पापबाट पखालिएको थियो भन्ने ज्ञान तिनीहरूले बिर्सेका थिए। तिनीहरू बेचैन र अनिश्चितको चलखेलमा परिरहे। तिनीहरू अन्धकारमै हिंडेर तिनीहरूले पहिले पाएका स्वतन्त्र, आश्वासन र

खुशीपना तिनीहरूको दिमागबाट हटाउन प्रयास गरिरहे। तिनीहरू परमेश्वरलाई परिक्षामा पार्ने अनेकौं क्रियाकलापमा लागे, आफू कति न कति महसुर छु भनेर मूर्ख्याइ काममा लागे र आफूहरूलाई परमेश्वरको सुरक्षा घेराको विरुद्धमा र उहाँका प्रयासहरूको विपरित जाने सिविरमा राख्न दिए। त्यसले गर्दा तिनीहरूमा भइनै रहेको तिनीहरूको पाप र अपराधको खाल्दोमा झन झन गहिरोमा फसे। परमेश्वरको चरित्रको बिरुद्धमा बोलेको सैतानको आवाजलाई तिनीहरूले सुने र परमेश्वर निरङ्कुस, मायाममतारहित र क्षमा नदिने कठोर हुनुहुन्छ भन्ने कुरा तिनीहरूकै जीवनशैलिबाट तिनीहरूले देखाइदिए।"- *एसडिए बाइबल कमेन्टरी,* ठेली ४, ११३७बाट रूपापन्तरित।

**चिन्तनमनन:**

**अ. तपाईंले "आफूले आफैलाई कसरी सफा गर्ने वा धुने?" यसको अर्थ के हो? हेर्नुहोस्, फिलिप्पी २:१२,१३ "१२ यसकारण मेरा प्रिय हो, जसरी तिमीहरूले सधैं आज्ञापालन गरेका छौ, मेरो उपस्थितिमा मात्र गरेजस्तो होइन, तर अब झन् बढ़ी मेरो अनुपस्थितिमा डर र कम्पसाथ तिमीहरूको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर। १३ किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ।"**

**आ. यशैयामा उल्लेख गरिएको प्रेमगीतलाई येशूले कसरी उपयोग गर्नुभयो, अझ विस्तृतरूपमा पेश गर्नुभयो र आफ्नै जीवनबाट त्यसको मर्म देखाउनुभयो? हेर्नुहोस्, मत्ती २१:३३-४५ "३३ “अर्को दृष्टान्त सुन। कोही एक जना गृहस्थी थिए, जसले एउटा दाखबारी लगाए, र त्यसको वरिपरि बार लगाएर त्यहाँ दाख पेल्ने एउटा कोल राखे, र एउटा मचान बनाए। तब मोहीहरूलाई त्यसको ठेक्का दिई उनी परदेश लागे। ३४ जब फलको समय नजिक आयो, उनले मोहीहरूकहाँ फलको आफ्नो हिस्सा माग्न नोकरहरू पठाए। ३५ “तर मोहीहरूले उनका नोकरहरूलाई समाती एउटालाई पिटे, अर्कालाई मारे, र अर्कालाई ढुङ्गाले हाने। ३६ फेरि उनले अघिको भन्दा बढ़ी नोकरहरू पठाए, र तिनीहरूले यिनीहरूसँग पनि त्यस्तै व्यवहार गरे। ३७ ‘मेरो छोरालाई त तिनीहरूले आदर गर्लान्’ भन्ने सोचेर, अन्त्यमा उनले आफ्नो छोरालाई तिनीहरूकहाँ पठाए। ३८**

"तर मोहीहरूले छोरालाई देखेर आपसमा भने, 'यो त उत्तराधिकारी हो। आओ, त्यसलाई मारौं, र त्यसको उत्तराधिकार हात पारौं।' ३९ तब तिनीहरूले तिनलाई समातेर दाखबारी बाहिर लगे र तिनलाई मारे। ४० "यसकारण जब दाखबारीका मालिक आउँछन्, तब उनले ती मोहीहरूलाई के गर्लान्?" ४१ तिनीहरूले उहाँलाई भने, "उनले ती दुष्टहरूलाई सर्वनाश गर्नेछन्, र दाखबारी अरू मोहीहरूलाई ठेक्कामा दिनेछन्, जसले उनलाई फलको हिस्सा समयमा बुझाउनेछन्।" ४२ येशूले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरूले कहिल्यै धर्मशास्त्रमा पढ़ेनौ? 'जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो, यो परमप्रभुबाट भएको हो, अनि हाम्रो दृष्टिमा यो आश्‍चर्यमय छ।' ४३ "यसैकारण म तिमीहरूलाई भन्दछु, परमेश्‍वरको राज्य तिमीहरूबाट खोसिनेछ, र एउटा यस्तो जातिलाई दिइनेछ, जसले त्यसको फल फलाउँछ। ४४ यस ढुङ्गामाथि खस्नेचाहिँ टुक्रा-टुक्रा हुनेछ, तर जसमाथि त्यो ढुङ्गा खस्छ, यसले त्यसलाई किच्नेछ।" ४५ जब मुख्य पूजाहारीहरू र फरिसीहरूले उहाँका दृष्टान्त सुने, तब तिनीहरूकै विषयमा उहाँले यो भन्नुभएको हो भन्ने बुझे। ४६ तिनीहरूले उहाँलाई समात्न खोजे, तर तिनीहरू भीड़सँग डराए, किनभने मानिसहरूले उहाँलाई एक अगमवक्ता हुन् भनी ठान्थे।", मर्कूस १२:१-१२ "१ उहाँले तिनीहरूलाई दृष्टान्तहरूमा भन्न लाग्नुभयोः "एक जना मानिसले दाखबारी लगाएर त्यसको वरिपरि बार लगाए, र कोलको निम्ति एउटा खाल्डो खने। अनि एउटा मचान बनाएर तिनले दाखबारी मोहीहरूलाई कमाउन दिए, र आफूचाहिँ परदेश लागे। २ फसलको समयमा तिनले ती मोहीहरूबाट केही फल लिन एक जना नोकरलाई पठाए। ३ तर तिनीहरूले त्यसलाई पक्रेर पिटे र रित्तै हात पठाए। ४ फेरि तिनले तिनीहरूकहाँ अर्को नोकरलाई पठाए, तर तिनीहरूले त्यसको टाउकोमा हिर्काए र त्यसको बेइज्जत गरे। ५ मालिकले अझै अर्कालाई पठाए, तर त्यसलाई तिनीहरूले मारे, र अरू धेरैलाई पनि पठाए, तर तिनीहरूले कसैलाई पिटे र कसैलाई मारे। ६ "तिनको अब एक जना थियो– तिनका प्रिय पुत्र। 'तिनीहरूले मेरा छोरालाई त आदर गर्लान्' भनेर सबैभन्दा पछि तिनले उनैलाई

तिनीहरूकहाँ पठाए। ७ "तर ती मोहीहरूले आपसमा भने, 'यो त उत्तराधिकारी हो। आओ, हामी यसलाई मारौं, र हक हाम्रो नै हुनेछ।' ८ अनि तिनीहरूले उनलाई पक्रेर मारे, र दाखबारीको बाहिर फ्याँकिदिए। ९ "तब दाखबारीका मालिकले के गर्नेछन्? तिनी आउनेछन्, र ती मोहीहरूलाई नाश गर्नेछन्, र दाखबारी अरूहरूलाई दिनेछन्। १० के तिमीहरूले धर्मशास्त्रको यो वचन पढ़ेका छैनौ? 'जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे त्यहीचाहिँ कुनाको शिर-ढुङ्गा बन्यो, ११ यो परमप्रभुबाट भएको हो, अनि हाम्रो दृष्टिमा यो आश्चर्यमय छ।' १२ त्यसपछि तिनीहरूले उहाँलाई पक्रन खोजे, किनकि यो दृष्टान्त उहाँले तिनीहरूकै विरुद्धमा भन्नुभएको हो भनी तिनीहरूले बुझे। तर तिनीहरू भीड़सँग डराएको कारणले उहाँलाई छोड़ेर गइहाले।" र लूका २०:९-१९ "९ उहाँले मानिसहरूलाई यो दृष्टान्त भन्नुभयोः "एक जना मानिसले दाखबारी लगाए, र मोहीहरूलाई दिएर धेरै दिनका निम्ति परदेश गए। १० फल पाकिसकेपछि दाखबारीबाट केही फल लिन दाखबारीका मालिकले आफ्नो एउटा नोकरलाई मोहीहरूकहाँ पठाए। तर मोहीहरूले त्यसलाई पिटेर रित्तै पठाइदिए। ११ तिनले अझै अर्को नोकरलाई पठाए, तर तिनीहरूले त्यसलाई पनि पिटी बेइज्जत गरेर रित्तै पठाइदिए। १२ तिनले तेस्रालाई पनि पठाए। तर तिनीहरूले त्यसलाई पनि घाइते बनाएर निकालिदिए। १३ "अनि दाखबारीका मालिकले भने, 'अब म के गरूँ? म आफ्नो प्यारो छोरो पठाउनेछु। शायद उसलाई त तिनीहरूले आदर गर्लान्।' १४ "तर मोहीहरूले उसलाई देखेर आपसमा कुरा गरे, 'यो त हकवाला हो। हामी यसलाई मारौं, र सम्पत्तिको हक हाम्रो हुनेछ।' १५ अनि तिनीहरूले उसलाई दाखबारीको बाहिर लगेर मारे। "अब दाखबारीका मालिकले तिनीहरूलाई के गर्लान्? १६ तिनी आएर ती मोहीहरूलाई मार्नेछन्, र दाखबारी अरूहरूलाई दिनेछन्।" मानिसहरूले यो सुनेर भने, "यस्तो कहिले नहोस्।" १७ तर उहाँले तिनीहरूलाई हेरेर भन्नुभयो, "यो लेखिएको के हो त? 'जुन ढुङ्गालाई भवन निर्माण गर्नेहरूले रद्द गरे, त्यहीचाहिँ कुनाको शिर-ढुङ्गो बन्यो।' १८ त्यस ढुङ्गामाथि खस्ने हरेक चकनाचूर हुनेछ, तर जसमाथि त्यो खस्छ त्यसले त्यसलाई धूलोपीठो

**पार्नेछ।" १९ तब शास्त्रीहरू र मुख्य पूजाहारीहरूले त्यसै बेला उहाँलाई पक्रन खोजे। तिनीहरूलाई थाहा थियो कि यो दृष्टान्त तिनीहरूकै विरुद्धमा भनिएको थियो तर तिनीहरू मानिसहरूसँग डराउँथे।" हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले माथिको कथाले हामीलाई के पाठहरू सिकाउँछ?**

**इ. परमेश्वरले हामीलाई प्रदान गर्नुहुने क्षमादान र हामीहरूको जीवनमा उहाँले सुधारमात्र होइन आमूल परिवर्तन ल्याउनेको बीचमा के सम्बन्ध छ? पहिला के आउँछ आमूल परिवर्तन र क्षमा कि आमूल परिवर्तन? कुन पहिला आउँछ भन्ने कुरा थाहा पाउनु किन जरुरी छ?**

**ई. माथि एलेन जी ह्वाइटले भन्नुभएको "मानिसहरू आफूहरूलाई नै परमेश्वरको उपायहरूको बिरुद्धमा उभ्याउँछन्" भन्नुको अर्थ के हो?**

**सारांशः** जब परमेश्वरका जनहरूले उहाँलाई बिर्सिन्छन् र आफूले उपभोग गर्न पाएका आशिषहरू हाम्रै प्रयासमा पाएका हौं भनेर सोच्दछन् तब तिनीहरू उहाँसँग गरिएको करार वा सम्झौताको जवाफदेही छन् भनेर उहाँले याद दिलाउनुहुन्छ। अत्यन्तै दयालु र करुणामय तरिकाद्वारा तिनीहरूको अवस्थालाई उहाँले औंल्याउनुहुन्छ। उहाँको प्रेम, सुरक्षालाई लत्याउँदा तिनीहरूले भोग्ने विध्वंसको बारेमा पनि उहाँले चेतावनी दिनुहुन्छ। तिनीहरूका घाऊहरू निको पार्न र सफा गर्न आफूलाई अवसर देऊ भनेर परमेश्वरले तिनीहरूलाई आग्रह गर्नुहुन्छ।

## कथा १

## पेन ड्राइभ अर्थात् कम्प्युटरमा भएका लेखन सामग्रीहरूलाई जम्मा गर्ने फ्लाश ड्राइभको निम्ति कचकच एलियोना पिरोझोक, २०, रुस

एलियोना र उनका साथीहरू बसबाट यात्रा गर्दै रुसको झालोस्की एडभेन्टिस्ट विश्वविद्यालय फर्किंदै थिए। अचानक बसको बत्ती निभ्यो र बसभित्र न्यानो पारिरहेको तातोपना पनि आउन छोड्यो। जाडो र चिसो मौसममा तिनीहरू यात्रा गरिरहेका थिए। बस चलिरहेको समयमा तिनीहरू गीत गाउँदै थिए। जब बसको बत्ती निभ्यो र तातोपना आउन छोड्यो तब तिनीहरूको गीत पनि रोकियो। तिनीहरू सबैलाई जाडो भइरहेको थियो र तिनीहरू थाकेका पनि थिए। तिनीहरूलाई थाहा भएन बसलाई मर्मत गर्न सकिन्छ कि समिन्दैन। तिनीहरू रुसको झालोस्कीबाट बेलारुसको मिन्सक सहरमा फर्किंदै थिए। एलियोना झालोस्किमै फर्कन चाहेकी थिइन्। झालोस्कीबाट बेलारुसको यात्रा १२ घन्टाको थियो। तिनीहरू पाँच घन्टा यात्रा गरिसकेका थिए। त्यस बसमा एलियोनासमेत दस जना विद्यार्थीहरू थिए।

विद्यार्थीहरूले विश्वविद्यालयमा काम गरिरहेका एलियोनाको बुबालाई बोलाउन निर्णय गरे। उनी बस र कारहरूमर्मत गर्न सिपालु थिए। विद्यार्थीहरूले उनको सहयोग मागे। अर्को पेट्रोल पम्पमा त्यो बसलाई रोकाएर राख्न उनले अऱ्हाए। उनी आफ्नो कारमा चढेर त्यस ठाउँमा आउने कुरा ती विद्यार्थीहरूलाई सुनाए।

विद्यार्थीहरू एलियोनाको बुबा आउन चार घन्टा पर्खे। जब उनी आइपुगे उनले बसलाई मर्मत गर्न थाल्यो। त्यो बस मर्मत गर्न दुई घन्टा लाग्यो। जब ती विद्यार्थीहरू पर्खिरहेका थिए तब तिनीहरू एक जना अल्गो बलियो मानिससँग कुरा गर्न थाले। त्यो व्यक्ती पेट्रोल पम्पमा काम गर्थ्यो। त्यो व्यक्ति दयालु थिए। बस मर्मतको बेलामा पर्खिरहेका विद्यार्थीहरूलाई उनले जतिमनलाग्यो त्यति जडिबुटी चिया पिउन थिए।

अन्तमा बस मर्मत भयो र बस चल्न तयार भयो। त्यसबेला विद्यार्थीहरूले एलियोनाको बुबालाई मुरीमुरी धन्यवाद दिए। अब मिन्स्कतिर बस डगुर्न थाल्यो। तर एक घन्टापछि एलियोना पेट्रोल पम्पमा फर्किन ठूलो चाहना गरिन्। उनले एलेन जी ह्वाइटले लेखेका "ग्रेट कन्त्रोभर्सी" पुस्तक

भएको पेन ड्याइभ त्यस दयालु मानिसलाई दिन चाहेकी थिइन्। अपरिचित मानिसहरूलाई परमेश्वरको बारेमा सुसमाचार सुनाउन एलियोना र अरू साथीहरूले प्रयोग गर्दथे।

"हामी सबै पेट्रोल पम्पमा फर्किनुपर्छ" एलियोना कराइन्। सबै विद्यार्थीहरू किन भनेर कराउन थाले। "हामीले त्यस दयालु मानिसलाई पेनड्राइभ दिनुपर्छ" एलियोनाले जिद्दी गरिन्। "हो, पहिले नै दिनुपर्थ्यो" भनेर ती विद्यार्थीहरूको अगुवा खालको निकिटा साथीले भन्यो। के गर्ने के नगर्ने भनेर विद्यार्थीहरू १० मिनेट छलफल भयो। त्यस दयालु मानिसलाई पेनड्राइभ दिनुपर्थ्यो भनेर सबै त सहमत भए तर फेरि फर्केर जानुपर्छ भन्ने कुरामा तिनीहरूले कचकच गर्न थाले। ती विद्यार्थीहरूमा निकिताले नफर्किने भनेर जिद्दी गरेको थियो। बेलारुसतिर गइरहनुपर्छ भनेर निकितासँग समहमत हुँदै अरूहरूले आवाज उठाए। अनि एक छिनपछि निकिताले आफ्नो मन बद्ल्यो र भन्यो "हामी फर्केर जाऔँ, साथीहरू हो!" "किन?" भनेर सबैले एक स्वरमा चिच्याए। निकितालाई अलिकति लाज लागेको जस्तो भयो। आफ्नो शिर निहुर्‍याएर उसले भन्यो "मेरो मोबाइल त्यहीँ छोडेछु। त्यसले गर्दा बस फर्क्यो। सबै जना खुशी थियो। एलियोना विशेष गरेर खुशी थिइन्। तिनीहरूले त्यस दयालु मानिसलाई येशूको बारेमा गवाही दिन चाहेका थिए। अनि निकिताले त्यस अल्गो र बलियो देखिने मानिसलाई सम्झ्यो र भन्यो, "उसले पेन ड्याइभ लिन्दैन होला। ऊ त इसाई होइन होला किनभने हामी पर्खी रहेको बेलामा ऊ चुरोट तान्दै थियो।" अनि बाटोमा जाँदा जाँदै एक घन्टासम्म त्यस मानिसले उपहार लिन्छ कि लिन्दैन भनेर ती विद्यार्थीहरूले बादविवाद गर्न थाले। जब बस पेट्रोल पम्पमा आइपुग्यो एलियोनाले सबैसँग मिलेर प्रार्थना गरिन् "प्यारो येशू, त्यस कर्मचारीको मन खोलिदिनुहोस् ताकि उनले पेन ड्राइभ लियोस् र त्यहाँ भएका सामग्री पढोस्।" जब बस पेट्रोल पम्पमा फर्क्यो तब त्यो कर्मचारी पसलबाट बाहिर निस्क्यो। उसको हातमा निकिताको मोबाइल थियो। तिनीहरू फर्केर आउलाकि भनेर ऊ पर्खिरहेको थियो। एलियोना त्यसमा मानिसको नजिक गइन्। उसको अगाडि आफू बुच्चे भएको महसुस गरिन् तैपनि साहस गरेर उनलाई आफूले दिन चाहेको पेनड्राइभ उसको हातमा राख्दै भनिन् "यो हाम्रो उपहार लिनुहोस्। हामीहरू इसाई हौं र हामीले येशूलाई विश्वास गर्छौं। यो उपहार तपाईंलाई दिन चाहेका थियौं। यसले तपाईंको जीवनमा सहयोग गर्न सक्नेछ।" सबै विद्यार्थीहरूको आँखा

उसतिर थियो "उसले त्यो पेनड्राइभ लिन्छ कि?" भन्ने शङ्काले तिनीहरूको अनुहारले देखाउँथ्यो। जब पेनड्राइभ पायो तब त्यस मानिस अत्यन्तै खुशी भएर हाँस्दै भन्यो "तिमीलाई धेरै धन्यवाद। यसमा भएको सामग्री म पढ्नेछु।" एलियोनालाई थाहा छैन त्यस मानिसले आफ्नो प्रतिज्ञा अनुसार त्यस पेनड्याइभमा भएको सामग्री पढ्यो कि पढेन। त्यसको बारेमा उनलाई चिन्ता थिएन किनकि "द ग्रेट कन्त्रोभर्सी" उसले पढ्ने हो कि होइन यो त पवित्र आत्माको कुरा थियो। विद्यार्थीहरूको कामचाहीं आफूसँग भएको सामग्री बाँड्नु थियो।

"येशूको बारेमा अरूलाई सुनाउन डराउनुपर्ने कारणै छैन। पवित्र आत्माको शक्ति हामीलाई थाहा छ। उहाँ शक्तिशाली परमेश्वर हुनुहुन्छ। मानिसहरू पनि हामीले सोचेको भन्दा दयालु र असल हुन्छन्। तिनीहरू येशूलाई चिन्न चाहेको हुन्छ।" एलियोनाले यस लेखकलाई सुनाइन्।

-आन्ड्र्यु मेकचेस्नी